त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
कीर्तिपुर

**सेमेष्टर प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc. CSIT) विषयको २०७३ सालको नयाँ विद्यार्थी भर्ना सम्वन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्वन्धन प्राप्त कलेजहरुमा सेमेष्टर प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि ( B.Sc. CSIT) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७३ सालको लागी निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ । आवेदन फाराम यस कार्यालयको website www.tuiost.edu.np बाट download गरी २०७३।४।२७ गते देखि अध्ययन संस्थान अन्तर्गत B.Sc. CSIT पढाई हुने आंगिक क्याम्पस र सम्वन्धन प्राप्त कलेजहरुमा रु. १,२००।- तिरी वुझाउन सकिने छ । एक ठाउंवाट फाराम भरेपछि अर्को ठाउंमा फाराम भर्नु पर्ने छैन । एउटै फाराम सवै क्याम्पस । कलेजहरुको लागी मान्य हुने छ ।

**भर्ना सम्वन्धी कार्यक्रम :**

आवेदन फाराम वुझाउने अन्तिम मिति : २०७३ साल भदौ २४ गते सम्म ।

दोब्बर दस्तुर तिरी २०७३ साल भदौ ३१ गते सम्म आवेदन फाराम वुझाउन सक्ने छन् ।

यस कार्यालयमा आवेदन फाराम आई पुग्नु पर्ने मिति : Single दस्तुरका फाराम २०७३ भदौ २६ गते सम्म र Double दस्तुरका आवेदन फाराम मिति २०७३ असोज २ गते सम्म यस कार्यालयमा आई पुग्नु पर्ने छ ।

प्रवेश परीक्षा हुने मिति र समय :२०७३ साल असोज १२ गते बिहान ११.०० वजे देखि १.०० वजे सम्म ।

विस्तृत जानकारीको यस कार्यालयको website www.tuiost.edu.np बाट हेर्न सकिने छ ।

सहायक डीन

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
कीर्तिपुर

**सेमेष्टर प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc. CSIT) विषयको २०७३ सालको नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा सेमेष्टर प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि ( B.Sc. CSIT ) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७३ सालको लागी निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ।

१. **आवेदनको लागि न्यूनतम योग्यता:** त्रि.वि. वा त्यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह विज्ञान ( I.Sc. ) वा उच्च माध्यामिक विद्यालयको १० + २ तह ( विज्ञान ) वा A Level विज्ञान (गणित र भौतिक शास्त्र लिएको) वा सो सरहको परीक्षामा कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने छ।

२. **आवेदन फाराम वितरण :** आवेदन फाराम यस कार्यालयको website www.tuiost.edu.np वाट download गरी २०७३ साल श्रावण २७ गते देखि B.Sc. CSIT पढाई हुने आंगिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजहरुमा रु. १,२००।- तिरी वुझाउन सकिने छ। एक ठाउंवाट फाराम भरेपछि अर्को ठाउंमा फराम भर्नु पर्ने छैन। एउटै फाराम सवै क्याम्पस । कलेजहरुको लागी मान्य हुने छ।

३. **आवेदन फाराम वुझाउने अन्तिम मिति :** २०७३ साल भदौ २४ गते सम्म। दोब्बर दस्तुर तिरी २०७३ साल भदौ ३१ गते सम्म

४. **सम्बन्धित क्याम्पस । कलेजहरुले संकलन गरेको आवेदन फाराम वुझाउनु पर्ने अन्तिम मिति :** Single दस्तुरका फाराम २०७३ साल भदौ २६ गते सम्म र Double दस्तुरका फारामहरु २०७३ असोज २ गते सम्ममा डीन कार्यालयमा वुझाउनु पर्नेछ।

५. **प्रवेश परीक्षा हुने मिति र समय :** २०७३ साल असोज १२ गते विहान ११ बजे देखि १ बजे सम्म।

६. **प्रवेश पत्र :** आफूले फाराम भरेको क्याम्पस, कलेजहरुवाट नै उपलव्ध हुने छ।

७. **परीक्षा केन्द्र :** पछि तोकिने छ।

८. **क्याम्पस । कलेजहरुले विद्यार्थीहरुवाट प्राप्त फाराम शुल्क वुझाउने सम्बन्धमा :** प्रत्येक विद्यार्थीहरुले तिरेको फाराम शुल्क बापतको रु. १,२००।- का दरले हुन आउने रकम सम्वन्धित क्याम्पस, कलेजहरुले कीर्तिपुर स्थित नेपाल बैंक लि. मा रहेको यस डीन कार्यालयको चल्ती हि. नं ०४५-११-२१३६ मा जम्मा गरी सोको भौचर साथ परीक्षा शाखामा फाराम वुझाउनु पर्ने छ। विद्यार्थीको नामावली विवरण यस कार्यालयले तोकेको ढाँचामा तयार गरी Pen Drive मा पनि उपलव्ध गराउनु पर्नेछ।

९. **भर्ना :** कुनै पनि आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजमा आवेदन दिएका विद्यार्थीहरुले प्रवेश परीक्षाको नतिजा प्रकाशन पछि प्रवेश परीक्षाको योग्यता कमको सूचीको आधारमा आफूले अध्ययन गर्न चाहेको क्याम्पस । कलेजमा भर्ना हुन सक्नेछन्।

१०. **कक्षा संचालन :** २०७३ साल मंसिर १ गते देखि

११. **प्रवेश परीक्षा सम्बन्धी अन्य जानकारी :**

-प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ। जसमा I.Sc/10+2 वा सो सरहको पाठ्यक्रमको आधारमा English, Mathematics, Physics, Chemistry विषयको दुई घण्टा को परीक्षा हुनेछ।

-प्रवेश परीक्षाको सम्पूर्ण प्रश्नहरु Objective हुने छन्।

-प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ।

-प्रवेश परीक्षाको नमुना प्रश्नपत्र सम्बन्धित क्याम्पस, कलेजबाट प्राप्त हुनेछ।

मिति : २०७३।४।२५

सहायक डीन

नोट : उपरोक्त अनुसार भर्ना भएका विद्यार्थीहरुको प्रथम वर्ष प्रथम शत्रको परीक्षा २०७४ साल वैशाख महिनामा संचालन हुनेछ।